नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

# केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०६/०४ गते ।

## प्रेस विज्ञप्ती- २३

**"१५ वर्षपछि जबरजस्ती करणी र सामूहिक करणी मुद्दाका फरार प्रतिवादी पक्राउ"**

मिति २०६४।०९।०५ गते साँझ २१:३० बजेको समयमा प्रतिवादीहरुले मादक पदार्थ सेवन गरी जिल्ला ललितपुर ठैव गा.वि.स वडा नं.८ लिन्टीकल सेन्टर प्रा.लि.को क्यान्टिनमा खाना नास्ता बनाउने गर्ने नाबालिकालाई जबरजस्ती करणी र सामूहिक करणी गरेको मुद्दामा सम्मानित ललितपुर जिल्ला अदालतबाट निज प्रतिवादी अर्जुन कार्की समेतलाई मुलुकी ऐन,जबरजस्ती करणीको महल वमोजिम ५ (पाँच) बर्ष र सामूहिक करणी गरेको देखिदा सोहि महल बमोजिम थप ५ (पाँच) बर्ष कैद सजाय निर्धारण हुने गरी फैसला भएको र निज प्रतिवादीलाई उक्त सजाय वेरुजू रही भागी फरार रहेको अवस्थामा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०६/०४ गते नुवाकोट जिल्ला,पञ्चकन्या गा.पा.वडा नं.३ बाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित नुवाकोट जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय नुवाकोट पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **प्रतिवादी:** | अर्जुन कार्की |
| **उमेर:** | ४६ बर्ष |
| **ठेगाना:** | साविक नुवाकोट जिल्ला,पञ्चकन्या गा.वि.स वडा नं.६<br>हालको परिवर्तित पञ्चकन्या गा.पा.वडा नं.३ |
| **मुद्दा:** | जबरजस्ती करणी र सामूहिक करणी |
| **सजाय:** | जबरजस्ती करणी ५ (पाँच) बर्ष र सामूहिक करणी ५ (पाँच) बर्ष कैद |
| **फैसला मिति:** | २०६५।११।०४ |
| **फैसला गर्ने** | जिल्ला अदालत ललितपुर |
| **पक्राउ मिति:** | २०७९/०६/०४ |
| **पक्राउ स्थान:** | नुवाकोट जिल्ला,पञ्चकन्या गा.पा.वडा नं.३ |

**उप निर्देशक**

(संजय सिंह थापा)

प्रहरी उपरीक्षक

सम्पर्क नम्बर:९८५१२८११५८

मिति २०७९/०६/०४ गते ।